# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनियम बजारको नियामक निकाय)

## नियमन विभाग

पत्र संख्याः- धि.ब.सि.धि.व्य.नि.शा.२०८३/८४ मितिः-२०८३/०५/१५

चलानी नम्बरः- ५५८

श्री नेपाल स्टक एक्सचेञ्ज लि.,
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

**विषयः निर्देशन सम्बन्धमा।**

महाशय,

उपर्युक्त सम्बन्धमा नेपालका विभिन्न हिमाली तथा नदी तटीय क्षेत्रमा हालै उत्पन्न भएको विनाशकारी बाढी तथा प्राकृतिक विपद्का कारण विशेष गरी त्रिशूली तथा भोटेकोशी नदी प्रणाली आसपास सञ्चालनमा रहेका तथा निर्माणाधीन विभिन्न जलविद्युत आयोजनाहरू, सम्बन्धित प्रसारण संरचना तथा अन्य भौतिक पूर्वाधारमा क्षति पुगेको सन्दर्भमा उक्त घटनाबाट प्रभावित हुन सक्ने तहाँ लि. मा सूचीकृत कम्पनीहरूको धितोपत्र कारोबार, बजार पारदर्शिता तथा लगानीकर्ताको हित संरक्षण सम्बन्धमा विशेष सतर्कता अपनाउन आवश्यक देखिएको हुदाँ धितोपत्र सम्बन्धी ऐनको दफा ८४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बोर्डबाट देहाय बमोजिमको निर्देशन जारी गरिएको छ।

१. प्राकृतिक विपतबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित हुन सक्ने सूचीकृत कम्पनीहरूको विस्तृत सूची तत्काल तत्काल तयार गरी बोर्डलाई जानकारी गराउने।

२. प्रभावित कम्पनीहरूबाट आफ्नो आयोजना, सम्पत्ति, उत्पादन, वित्तीय अवस्था तथा व्यवसायमा परेको प्रभाव सम्बन्धी देहाय बमोजिमको विवरण प्राप्त गरी उक्त विवरण

कम्पनीको आधिकारिक माध्यम तथा तहाँको सूचना प्रणालीमार्फत सार्वजनिक गर्ने/गराउने व्यवस्था गर्ने।

(क) प्रभावित आयोजनाको नाम र स्थान;
(ख) प्राकृतिक विपद्को मिति तथा प्रकृति;
(ग) आयोजनामा भएको प्रारम्भिक भौतिक क्षति;
(घ) विद्युत उत्पादन बन्द वा प्रभावित भएको अवस्था;
(ङ) अनुमानित उत्पादन क्षमता प्रभावित भएको परिमाण;
(च) मानव संशाधनमा भएको क्षति सम्बन्धी विवरण;
(छ) प्रसारण तथा वितरण पूर्वाधारमा परेको प्रभाव;
(ज) बीमा भएको वा नभएको अवस्था;
(झ) बीमा कम्पनीलाई दाबी गरिएको वा नगरिएको विवरण;
(ञ) प्रारम्भिक वित्तीय प्रभाव;
(ट) आयोजना पुनः सञ्चालन हुन सक्ने अनुमानित समय;
(ठ) बैंक ऋण तथा ऋण सेवा क्षमतामा सम्भावित प्रभाव;
(ड) कम्पनीको व्यवस्थापनले लिएको तत्काल कदम।

३. प्रभावित कम्पनीहरूको धितोपत्र कारोबारमा विशेष निगरानी राखी देहायका गतिविधिको निरन्तर अनुगमन गर्ने।

(क) अस्वाभाविक मूल्य परिवर्तन;
(ख) असामान्य कारोबार परिमाण;
(ग) अस्वाभाविक खरिद वा बिक्री आदेश;
(घ) महत्वपूर्ण सूचना सार्वजनिक हुनुअघि भएको असामान्य कारोबार; तथा
(ङ) बजारको निष्पक्षता तथा पारदर्शितामा असर पार्न सक्ने अन्य गतिविधि।

पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल
फोन नं.: ००९७७-१-५२५४०५७, ५२५३१६२, ५५४४०७७, एक्सटेन्सन नं. फ्याक्स नं.५५४१०५८
टोल फ्रि नं: १६६०-०१-४४४३३, इमेल: support@sebon.gov.np, वेभसाइट: www.sebon.gov.np

४. यस्ता घटनाहरूबाट प्राप्त अनुभवका आधारमा प्राकृतिक विपद्, दुर्घटना, आगलागी, भूकम्प तथा अन्य असाधारण घटनाबाट सूचीकृत कम्पनीहरूमा पर्ने अल्पकालिन तथा दिर्घकालिन असरलाई मध्येनजर गरी सूचना प्रवाह, कारोबार रोक्का/पुनः सञ्चालन सम्बन्धी कार्यविधि तयार गर्ने।

५. उपर्युक्त विषयमा गरिएको कार्य प्रगति तथा बजारमा देखिएको असामान्य गतिविधिसम्बन्धी विवरण नियमित रूपमा बोर्डलाई उपलब्ध गराउने ।

भवदीय,

(विनयदेव आचार्य)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्रीमान् अध्यक्षज्यू, अध्यक्षको कार्यालय, नेपाल धितोपत्र बोर्ड।
२. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तिय क्षेत्र व्यवस्थापन महाशाखा।
३. श्री सुपरिवेक्षण विभाग, नेपाल धितोपत्र बोर्ड।
४. श्री व्यवस्थापन तथा कानून विभाग, नेपाल धितोपत्र बोर्ड।
५. श्री नीति, अनुसन्धान तथा प्रशिक्षण विभाग, नेपाल धितोपत्र बोर्ड।

पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल
फोन नं.: ००९७७-१-५२५४०५७, ५२५३१६२, ५५४४०७७, एक्सटेन्सन नं.    फ्याक्स नं.५५४१०५८
टोल फ्रि नं: १६६०-०१-४४४३३, इमेलः support@sebon.gov.np, वेभसाइटः www.sebon.gov.np